अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०१।१३ गते

प्रेस विज्ञप्ति

विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको

यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, वीरगञ्ज , पर्सामा लेखापढीको काम गर्ने बिचौलिया रोशन कुमार रौनियार र सुनिल यादवले एस्क्याभेटरको लाइसेन्स बनाइदिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवम् उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडा मकवानपुरबाट खटिइ गएको टोलीले निजहरू रोशन कुमार रौनियार र सुनिल यादवलाई सेवाग्राहीसँग रू.३१,०००। -(एकतीस हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा जिल्ला पर्सा, वीरगञ्ज महानगरपालिका वडा नं. १३ स्थित शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको कार्यालय परिसरबाट नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता